आज मिति २०७६ साल बैशाख ८ गते अइतबारका दिन बकैया गाउँ कार्यपालिकाका अध्यक्ष श्री दामोदर खनालज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकको उपस्थिती:-

## उपस्थिती:

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री दामोदर खनाल | अध्यक्ष | बकैया-४ | |
| २ | श्री सरला बोलखे | उपाध्यक्ष | बकैया-४ | |
| ३ | श्री बुद्धीमान वाईवा | वडाध्यक्ष | बकैया-१ | |
| ४ | श्री विरमान बल | वडाध्यक्ष | बकैया-२ | |
| ५ | श्री दिल बहादुर वोम्जन लामा | वडाध्यक्ष | बकैया-३, | |
| ६ | श्री राजन दंगाल | वडाध्यक्ष | बकैया-४ | |
| ७ | श्री शेरमान घलान | वडाध्यक्ष | बकैया-५ | |
| ८ | श्री फुल बहादुर भोम्जन | वडाध्यक्ष | बकैया-६ | |
| ९ | श्री रामकाजी लामिछाने | वडाध्यक्ष | बकैया-७ | |
| १० | श्री इन्द्र बहादुर स्याङ्तान | वडाध्यक्ष | बकैया-८ | |
| ११ | श्री टंकध्वज लोप्चन | वडाध्यक्ष | बकैया-९ | |
| १२ | श्री सोम बहादुर तिमल्सीना | वडाध्यक्ष | बकैया-१०, | |
| १३ | श्री गोपाल बहादुर नेसुर | वडाध्यक्ष | बकैया-११, | |
| १४ | श्री राम बहादुर मुक्तान | वडाध्यक्ष | बकैया-१२, | |
| १५ | श्री विष्णु भुजेल | कार्यपालिका सदस्य | बकैया-२, | |
| १६ | श्री निर्मला राई | कार्यपालिका सदस्य | बकैया-३, | |
| १७ | श्री विविमाया जिम्बा | कार्यपालिका सदस्य | बकैया-५ | |
| १८ | श्री योगमाया विश्वकर्मा | कार्यपालिका सदस्य | बकैया-६, | |
| १९ | श्री लक्ष्मीमाया माभी | कार्यपालिका सदस्य | बकैया-४ | |
| २० | श्री रूपेन घले | कार्यपालिका सदस्य | बकैया-१२, | |

अन्य उपस्थिती:

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | | |
| २. | दिपक राज पौडेल | [illegible] | |
| ३. | [illegible] | [illegible] | |

# बकैया गाउँकार्यपालिकाको मिति २०७६।१।८ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

## १. शिक्षक काज सरुवा सम्बन्धमा

बकैया गाउँ शिक्षा समितिको निर्णयले सिफारिस गरे बमोजिम विद्यार्थी संख्याको आधारमा शिक्षक संख्यालाई वैज्ञानिक बनाउन बकैया गाउँपालिका भित्रका तपशिल बमोजिमका विद्यालयहरुबाट शिक्षक काज सरुवा गर्ने गरी निर्णय गरियो।

तपशिल

| क सं | तह/श्रेणी | विद्यालयको नाम | | कैफियत |
|---|---|---|---|---|
| | | काज सरुवा भएर शिक्षक घट्ने विद्यालय | काज सरुवा भएर शिक्षक थप हुने | |
| १ | प्रा वि | श्री सरस्वती प्रावि थाकलचौर | श्री कालीदेवि निमावि सिमात | |
| २ | निमावि(राहत) ३ जना | श्री ब्रम्ह निमावि चाँदेशिर | श्री प्रभात मावि श्रीपुर १ निमावि | |
| | | | श्री गितावर निमावि पावस १ निमावि १ प्रावि | |
| ३ | प्रा वि (राहत) | वालविकास प्रा वि वागफल | श्री सरस्वती प्रा वि मोरङ्गे १ निमावि | |
| ४ | प्रा वि (राहत) | श्री ब्रम्ह निमावि चाँदेशिर | श्री बालकल्याण प्रावि विजयवस्ती | |
| ५ | प्रा वि (राहत) | श्री ज्ञानज्योती प्रावि चम्पाखहरे | श्री बाघभैरव निमावि च्याउच्याउदमार २ प्रावि | |
| ६ | प्रा वि (राहत) २ जना | श्री नवज्योती प्रावि टिकुली | श्री सिद्धार्थ प्रावि भालुखोला | |
| ७ | प्रा वि (राहत) | श्री कालिका देवि प्रावि धारापानी | श्री सेतीदेवि निमावि जितपुर | |
| ८ | प्रा वि (राहत) | श्री बाघभैरव प्रावि पिपलडाँडा | श्री बालहित प्रावि बसन | |
| ९ | प्रा वि | श्री गोठडाँडा प्रावि | श्री बकिया ठाकुर निमावि बस्तिपुर | |
| १० | प्रा वि | श्री प्रावि खजुलीदमार | श्री जनजागृति निमावि विरेफाँट | |
| ११ | प्रा वि | श्री जनशक्ती प्रावि टोङटोङ | श्री बाघभैरव निमावि थली | |
| १२ | प्रा वि (राहत) | श्री वनदेवि कालीका प्रावि हाँडी | श्री कालिका मावि धियाल | |

## २. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा

बकैया गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको विवरण सबै वडा कार्यालयहरुबाट मिति २०७६ बैशाख मसान्त सम्म गाउँपालिकामा उपलब्ध गराउने गरी निर्णय गरियो ।

## ३. बोलपत्र रद्द सम्बन्धमा

बकैया गाउँपालिकाले मिति २०७५।९।३० को सूचना मार्फत बोलपत्र आव्हान गरेको तपशिल बमोजिमका वडा कार्यालय निर्माण सम्बन्धी बोलपत्र प्रकृयाको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडा कार्यालयको च नं १७१२, मिति २०७५।११।७ को पत्रबाट सो टेन्डर प्रकृयाको सम्बन्धमा उजुरी परेको भनि पत्राचार भएको, उक्त पत्रको जवाफ आयोगलाई गाउँपालिकाको च नं १२१३, मिति २०७५।११।१० को पत्रबाट उपलब्ध गराइएको तर हालसम्म सो उजुरीको किनारा लाग्न नसक्दा गाउँपालिकाको वडा कार्यालय भवन जस्तो संवेदनशिल विषय अन्यौलमा पर्न गएकोले उक्त बोलपत्र प्रकृया रद्द गरी उपभोक्ता समिति मार्फत उक्त कार्य अघि बढाउने गरी निर्णय गरियो।

<u>तपशिल</u>

| क सं | ठेक्का नं | कार्य |
|---|---|---|
| 1 | BRM/NCB/03/2075-076 | Construction of Bakaiya Rural Municipality Ward NO. 1 Office Building |
| 2 | BRM/NCB/04/2075-076 | Construction of Bakaiya Rural Municipality Ward NO. 6 Office Building |
| 3 | BRM/NCB/05/2075-076 | Construction of Bakaiya Rural Municipality Ward NO. 8 Office Building |
| 4 | BRM/NCB/06/2075-076 | Construction of Bakaiya Rural Municipality Ward NO. 10 Office Building |
| 5 | BRM/NCB/07/2075-076 | Construction of Bakaiya Rural Municipality Ward NO. 11 Office Building |
| 6 | BRM/NCB/08/2075-076 | Construction of Bakaiya Rural Municipality Ward NO. 12 Office Building |

### ४. पाइप खरिद सम्बन्धमा

बकैया गाउँपालिकाले ठेक्का नं **BRM/SQ/12/2075-076** बाट **"Supply & Delivery of HDPE Pipe for Ward No. 6,8,10,12"** कार्यको लागि मिति २०७५।११।१५ मा शिलवन्दी दरभाउपत्र आव्हान गरेकोमा निर्धारित समय भित्र पर्याप्त दरभाउपत्र दर्ता नभएकोले पुन सूचना प्रकाशन गरिएकोमा दोश्रो पटक सूचना प्रकाशन गर्दा कुनै पनि दरभाउपत्र दर्ता हुन नआएकोले उक्त कार्य उपभोक्ता समिति मार्फत नै सम्पन्न गर्ने गरी निर्णय गरियो ।

### ५. प्राथमिक स्वास्थ्य केन्द्रको जग्गा सम्बन्धमा

बकैया गाउँपालिका वडा नं ४ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र छतिवनले विगत देखि भोगचलन गर्दै आइरहेको धरान चतारा सडकबाट उत्तर तर्फ रहेको क्षेत्रफल ०-२०-० को जग्गा मध्ये क्षेत्रफल ०-१०-० को मात्र स्वास्थ्य केन्द्रको नाममा जग्गा धनी पुर्जा रहेकोमा बाँकी भोगचलन गर्दै आइरहेको क्षेत्रफल ०-१०-० जग्गाको समेत जग्गा धनि पुर्जा स्वास्थ्य केन्द्रलाई उपलब्ध हुन गाउँपालिकाको तर्फबाट आवश्यक पहल गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल

६. रकम उपलब्ध गराउने सम्बन्धमा

क्रियशन मिडिया एण्ड इभेन्ट म्यानेटमेन्ट प्रालीको मिति २०७५।१२।१५ को पत्रबाट "मकवानपुर जर्नालिज्म अवार्ड २०७५ तथा पर्यटन प्रवर्दनमा मिडियाको भुमिका विषयक सेमिनार" कार्यक्रमको लागि आर्थिक सहयोगको माग भइ आएकोमा उक्त कार्यक्रम संचालनको लागि रु १ लाख आर्थिक सहयोग उपलब्ध गराउने गरी निर्णय गरियो ।

७ गाउँसभा सञ्चालन सम्बन्धमा ।

मिति २०७५।१२।२० गतेको बैठकले मिति २०७६।०१।०५ गते गाउँसभा सञ्चालन गर्ने निर्णय गरेकोमा विभिध कारणले सञ्चालन हुन नसकेकोमा यहि मिति २०७६।०१।२१ गते सञ्चालन गर्ने निर्णय गरियो ।

८ गाउँपालिका स्तरीय खेलकुद कार्यक्रमको भुक्तानी सम्बन्धमा

'बकैया गाउँ खेलकुद विकास समिति' को मिति २०७५।९।२७ को निर्णय बमोजिम जिम्मेवारी प्राप्त गरेको 'बकैया गाउँ खेलकुद समन्वय समिति' ले संयोजन गरी मिति २०७५।१०।१७ देखि २०७५।१०।२४ सम्म जुरेली खेलमैदानमा आयोजना भएको गांउँपालिका स्तरीय फुटबल प्रतियोगिता संचालन गर्दा खर्च भएको कुल रु ११,८३,६३६।००(अक्षरेपि रु एघार लाख त्रियासी हजार छ सय छत्तिस मात्र) रकम खर्च मिति २०७५।१२।२० गतेको बैठकबाट अनुमोदन गरी सो रकम गाउँपालिकाले चालु आर्थिक वर्ष २०७५।७६ को लागि स्विकृत गरेको 'खेलकुद विकास कार्यक्रम' शिर्षकको रकमबाट भुक्तानी गर्ने निर्णय गरिएकोमा उक्त शिर्षकबाट अपुग रकम विविध खर्च शिर्षकबाट भुक्तानी दिने गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
३ नं. प्रदेश, नेपाल